चैनपुर नगरपालिका

स्थानीय राजपत्र

खण्डः१०, सङ्ख्याः२ ,मितिः २०८३ साल आश्विन २६

भाग-२

चैनपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, सङ्घुवासभा, नेपाल

चैनपुर नगरपालिकाको घ वर्ग निर्माण व्यवसायी इजाजत कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले चैनपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

सम्वत् २०८३ सालको कार्यविधि नं. २ (दुई)

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०६/२६ गते
राजपत्रमा प्रकाशित मितिः २०८३/०६/२६ गते

चैनपुर नगरपालिकाको घ वर्ग निर्माण व्यवसायी इजाजत (पहिलो संशोधन) कार्यविधि, २०८३

१. नाम र प्रारम्भ :

(१)यो कार्यविधिको नाम **"चैनपुर नगरपालिकाको घ वर्ग निर्माण व्यवसायी इजाजत (पहिलो संशोधन) कार्यविधि, २०८३"** रहेको छ ।

(२)यो कार्यविधि चैनपुर नगरपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. मूल दफा ३(२) मा संशोधनः उपदफा (१) बमोजिम प्रदान गरिएको इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजत पत्रको अवधि समाप्त भएको ६ महिना भित्र प्रचलित कानून बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सोको प्रमाण स्वरूप सम्बन्धित सङ्घीय/ प्रदेश/ स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित सम्बन्धित चैनपुर नगरपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनुपर्नेछ ।इजाजत पत्र नवीकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची ४ बमोजिमको पास बुक समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची ४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नवीकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

३. मूल दफा ३(३) मा संशोधनः उपदफा (२) बमोजिम म्याद नाघेको २ वर्ष भित्र सबै प्रक्रिया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची- २ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ ।

४. अनुसूची-२ मा संशोधनः इजाजतपत्र नवीकरण थप दस्तुर रु २२००।(प्रत्येक ६ महिनाको लागि)

५. एक पटको लागि २०८३ पौष मसान्त सम्म को लागि नवीकरण गर्नको लागि सूचना गरी कार्यविधि बमोजिमको प्रक्रिया पुर गर्ने व्यवसायी फर्मको लागि नवीकरण गर्ने ।

आज्ञाले,
पोषराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत